# सरकारी सेवामा आबद्ध नर्सहरुको संघ नेपाल
## GOVERMENT NURSES ASSOCIATION OF NEPAL (GoNAN)
Kathmandu, Nepal


प.सं./च.नं. - २०७७/०७८ - ०७.

मिति: २०७८/०४/३१

श्रीमान् माहानिर्देशक ज्यू ,

स्वास्थ्य सेवा विभाग

पचलि टेकु, काठमाण्डौं ।

**विषय:- स्तरबृद्धि र बढुवा सम्बन्धमा ।**

महोदय,

उपरोक्त समन्धमा स्वा. से. ऐन. २०५३ को दफा ९ को स्तरवृध्दिको उपदफा १ मा "देहायका सेवामा देहायका तहमा देहाय वमोजिम स्तरवृद्धि गरिनेछ": भन्ने टेवलको शीर्षकको अन्तिम कोठामा "दुर्गम क्षेत्रमा सेवा गर्नु पर्ने अवधि " लेखिएको छ, त्यसको तल सवै पदमा उक्त समयावधि (एक वर्ष अतिदुर्गम वा दुई वर्ष दुर्गम क्षेत्रमा ) लेखिएकोले गर्दा दुर्गम क्षेत्रमा सेवा प्रदान गर्ने कर्मचारीको स्तरवृध्दि प्रतेक ६/६ महिनामा भै रहेको, तर उक्त शीर्षकमा सुगम क्षेत्रमा सेवा प्रदान गर्ने कर्मचारीको लागि समय कतै पनि उल्लेख नगर्दा ऐनले नै विभेद गरेको स्पष्ट देखिन्छ। उक्त विभेदलाई हटाई सुगमको सेवा प्रदान गर्ने स्वास्थ्य जनशक्ति त्यसमा पनि नर्स जनशक्तिलाई स्तरवृद्धी हुने न्यायोचित वातावरण बनाई विभेद अन्त्य गरी दिनुहुन र एउटै पदमा तालिम, योग्यता, शिक्षा, अनुभव, समय हुँदाहुँदै पनि सुगम क्षेत्रमा जोडिएको राजधानी लगायत देशको विभिन्न प्रमुख शहरी क्षेत्रमा रहेका स्वास्थ्य संस्थामा सेवारत नर्स जनशक्तिलाई उपेक्षा गरेको महशुस भएकोछ, सुगमका अस्पतालमा "tertiary level" को सेवा गरे बापत अन्याय र विभेद सहनु परेको अवस्थामा न्यायको लागि यो निवेदन गरेका छौं, सुगममा रही सबै स्वास्थ्य संस्थाले दिने सेवामा नर्स जनशक्तिकोआई.सी.यु., सि.सि.यु., मृगौला, मुटु, क्यान्सर, मानसिक अस्पताल, गर्भवती सुत्केरी अस्पताल, संक्रमण रोग अस्पताल, वच्चा अस्पताल सर्जिकल, मेडिकलमा दिन रात जस्तो सुकै विषम परिस्थितिमा पनि पदिय जिम्मेवारीको काम कम जनशक्तिबाट सेवा सञ्चालन भै रहेको कुरा जगजाहेर नै छ साथै कोभिड महामारीको विषम परिस्थितिमा पनि प्रत्यक्ष सेवारत नर्स जनशक्तिलाई सेवा प्रदान गर्ने अवसर प्राप्त हुनु, तर स्तरोन्नति / वढुवा हुने अवसर प्राप्त नहुनु अत्यान्तै दुःखद कुरा हो, यसले सेवारत नर्स जनशक्तिको मनोवलमा आघात पुर्याएको, अपहेलित भएको कुरा जानकारीको लागि अनुरोध गर्दछौं । यथार्थमा नर्स जनशक्ति सरकारको सेवा सञ्चालनमा नै अस्पतालहरूमा वढी छ, अझै पनि मापदण्ड अनुसार छैन, सरकारका सेवाका दायराहरु वढेका छ, नर्स जनशक्ति बिना सेवा प्रदान गर्न प्राय असमर्थ छन, तर व्यक्तिगत



Scanned with CamScanner

वृद्दिविकासका साथै आर्थिक पाटोमा नर्सका लागि बन्ने नीति नियमहरुमा प्राय विभेद गरिएकोछ यस्तो विभेद गर्नु राम्रो पक्ष होइन भन्ने हाम्रो ठहर छ । लगभग सेवाको ८०% सेवा नर्स जनशक्तिवाट संचालित छन । सुगममा दिइने भनिएका सेवा अत्यन्तै कठिनका साथै जन्म र मृत्युसंग पनि नजिक रहेको देखिन्छ, त्यसरी सेवा दिँदै गर्दा तिनैहरूको बृद्दि विकासमा विभेद हुनुको मूल कारण ऐन नै भएकोले सो बुँदालाई मध्यनजर गरि नर्सहरुको सेवाको सम्मान गर्दै अझ सशक्त भएर उच्च मनोवलका साथ सेवा प्रदान गर्ने अवसर दिलाई दिनुहुनको लागि यो निवेदन गरेका छौं। साथै २५-३० बर्ष एउटै पदमा र १४-१५ बर्ष देखि एउटै तहमा काम गर्नुपर्ने बाध्यता अन्त्य भै, बृद्दि विकास सबैको लागि उत्तिकै महत्वपूर्ण हो भन्ने कुरा सेवारत जनशक्तिले महसुस गर्न पाउने न्यायोचित वातावरणको लागि विनम्र अनुरोध गर्छौं । यस अर्थमा सो स्तरवृध्दि सम्वन्धि स्वा. से. ऐनको दफा ९, उपदफा १, को सेवा गर्ने अवधि दुर्गम र अति दुर्गम क्षेत्रमा समयावधि तोकिए झैं सुगम क्षेत्रमा पनि सेवा दिने अवधि तोकी, सुगममा दिइने सेवाको उचित मुल्यांकन गरि स्वास्थ्य सेवा ऐनवाट पिडित सुगम भनिने ठाँउमा लामो समय एउटै पदमा कार्यरत अधिराज्य व्यापि नर्स जनशक्तिहरुको उच्च मनोवलका साथ काम गर्ने वातावरण मिलाई दिनहुनको लागि हार्दिक अनुरोध गर्दछौ ।

निवेदक

सरकारी सेवामा आवद्ध नर्सहरुको संघ नेपाल

(GoNAN)



Scanned with CamScanner